## वस्तुगत प्रश्नोत्तर

१. **सन् २०२६ को चिकित्साशास्त्रतर्फको नोबेल पुरस्कार कसलाई प्रदान गरियो ?**

✍ कार्ल डाइसरोथ (अमेरिकी स्नायुविज्ञ), पिटर हेगेमान (जर्मनी) र जर्ज नागेल (जर्मनी)

- प्रकाश-संवेदनशील आयन च्यानल र अप्टोजेनेटिक्ससम्बन्धी खोजका लागि प्रदान गरिएको हो।
- यसबाट वैज्ञानिकहरूले जीवित मस्तिष्कभित्र विशेष प्रकाश पठाएर कुनै निश्चित कोषलाई चाहेको बेला काम गराउन (सक्रिय गर्न) वा रोक्न (निष्क्रिय गर्न) सक्ने छन्।
- यसअघि दिमागका कोषहरूलाई यसरी छानी छानी नियन्त्रण गर्न सम्भव थिएन तर यो प्रविधिले कुन कोषले कस्तो काम गरिरहेको छ भनेर एकदमै नजिकबाट हेर्न र बुझ्न सहज बनाएको छ।
- हाम्रो दिमागले पुराना यादहरू कसरी राख्छ। हामीलाई डर, खुसी, रिस जस्ता भावना कसरी महसुस हुन्छ र हामीले कस्तो व्यवहार देखाउँछौँ भन्ने कुराको रहस्य पत्ता लगाउन यसले ठुलो सहयोग गर्ने छ।
- यसले स्नायु विज्ञानको क्षेत्रमा एउटा नयाँ क्रान्ति नै ल्याएको छ। भविष्यमा पार्किन्सन्स, अल्जाइमर वा अन्य मानसिक तथा स्नायुसम्बन्धी जटिल रोगहरूको उपचार खोज्न यो प्रविधिले ठुलो भूमिका खेल्ने विश्वास गरिएको छ।

२. २० औँ एसियाली खेलकुद, २०२६ मा नेपालले कुन कुन खेलमा पदक हासिल गर्न सफल भयो ?

✍ महिला कबड्डी (१ कांस्य) र कराँते (तेन्जिङ शेर्पा, १ कांस्य)

- **प्रतियोगिता आयोजना** : सन् २०२६ सेप्टेम्बर १९ – अक्टोबर ४, नागोया, जापान
- **उद्घाटन** : जापानका सम्राट् नारुहितोद्वारा (जापानको आइची नागोयास्थित पालोमा मिजुहो रङ्गशालामा)
- **नारा** : इमाजिन वन एसिया।
- **सहभागी राष्ट्र** : ४५ (एक एसियन रेफ्युजी टिम)
- **कुल खेलाडी** : १०,७८७
- **खेल सङ्ख्या** : ४३
- **प्रथम** : चीन (**स्वर्ण** : १६९, **रजत** : ८९, **कांस्य** : ८३, **जम्मा** : ३४१)
- **दोस्रो** : जापान (**स्वर्ण** : ८३, **रजत** : ९५, **कांस्य** : ९१, **जम्मा** : २६९)
- **तेस्रो** : दक्षिण कोरिया (**स्वर्ण** : ३९, **रजत** : ४३, **कांस्य** : ६८, **जम्मा** : १५०)
- यस एसियाडको मार्चपासमा नेपालको झन्डा राष्ट्रिय महिला कबड्डी खेलाडी मनमती विष्ट र बक्सर चन्द्रबहादुर थापामगरले बोक्ने गौरव पाउनुभयो।
- जापानले तेस्रो पटक एसियाली खेलकुद आयोजना गरेको हो (यसअघि सन् १९५८ मा टोकियो र सन् १९९४ मा हिरोसिमा गरिएको थियो)।

**पदक तालिका**

| स्थान | राष्ट्र | स्वर्ण | रजत | कांस्य | जम्मा |
|---|---|---|---|---|---|
| १ | चीन | १६९ | ८९ | ८३ | ३४१ |
| २ | जापान | ८३ | ९५ | ९१ | २६९ |
| ३ | दक्षिण कोरिया | ३९ | ४३ | ६८ | १५० |
| ४ | भारत | २१ | २७ | ३७ | ८५ |
| ५ | उज्बेकिस्तान | २१ | २५ | २४ | ७० |
| ६ | इरान | १९ | १८ | १५ | ५२ |
| ७ | थाइल्यान्ड | १८ | १३ | २१ | ५२ |
| ८ | काजकिस्तान | १२ | २४ | ४८ | ८४ |
| ९ | हङकङ | ११ | १९ | २४ | ५४ |
| १० | बहराइन | ११ | ५ | ६ | २२ |
| ११–४० | अन्य | ६६ | १११ | २१२ | ३८९ |
| | जम्मा | ४७० | ४६९ | ६२९ | १५६८ |

३. **हाल नेपालमा चरा प्रजातिको सङ्ख्या कति रहेको छ ?**

✍ ९०४

- **९०४ औँ** : कोलर्ड किङफिसर
- विसं २०८३ असोज १३ गते धनुषाको जनकपुरधाममा पहिलो पटक यो चरा देखा परेको हो।
- यो चरा विशेष गरी समुद्री तटीय क्षेत्रमा पाइन्छ।
- **वैज्ञानिक नाम** : टोडिऱ्याम्फस क्लोरिस
- **मुख्यतः** दक्षिण एसिया, दक्षिणपूर्वी एसिया, अस्ट्रेलिया र प्रशान्त महासागरीय तटीय क्षेत्रमा पाइने यो प्रजातिको नजिकको स्थायी वासस्थान भारतको पश्चिम बङ्गाल र बङ्गलादेशको सुन्दरवन क्षेत्र हो। भूपरिवेष्ठित देश नेपालमा यो चरा गङ्गा–ब्रह्मपुत्र नदी प्रणाली पछ्याउँदै भौँतारिएर वा मौसमका कारण बाटो बिराएर आइपुगेको अनुमान पन्छीविद्हरूको छ।

४. **एसियाली पूर्वाधार लगानी बैङ्क (एआइआइबी) को ११ औँ वार्षिक बैठकबाट नेपाल कुन पदमा निर्वाचित हुन सफल भयो ?**

✍ उपसभापति

- सन् २०२६ सेप्टेम्बर २८–२९ मा कतारको राजधानी दोहामा आयोजित बैठकले नेपाललाई सन् २०२६–२७ का लागि क्षेत्रीय सदस्य राष्ट्रमध्येबाट उपसभापति पदमा निर्वाचित गरेको हो।
- बैङ्कको संस्थापक सदस्य राष्ट्र रहेको नेपाल क्षेत्रीय सदस्य राष्ट्रमध्येबाट पहिलो पटक यस पदमा निर्वाचित भएको हो।
- बैङ्कमा एक अध्यक्ष तथा क्षेत्रीय र गैरक्षेत्रीय सदस्य मुलुकबाट एक/एक जना उपाध्यक्ष रहने प्रावधान अनुसार यस पटक नेपालसँगै आयरल्यान्ड (गैरक्षेत्रीय सदस्य मुलुकबाट) पनि चयन भयो।

५. **अन्तर्राष्ट्रिय दूरसञ्चार सङ्घ (आइटियु) को नयाँदिल्लीस्थित दक्षिण एसिया क्षेत्रीय कार्यालय तथा इनोभेसन सेन्टरको प्रमुखमा नियुक्त हुने नेपाली को हुन् ?**

✍ आनन्दराज खनाल

- नेपाली दूरसञ्चार तथा सूचना प्रविधिविज्ञ आनन्दराज खनाल सो पदमा नियुक्त भएका हुन्।
- सन् २०२६ सेप्टेम्बर २२ मा नियुक्त भएका खनालले सन् २०२६ अक्टोबर १ मा पदभार ग्रहण गरे।
- भारत सरकारको सहकार्यमा स्थापित यस क्षेत्रीय कार्यालयको कार्यक्षेत्रमा नेपालसहित अफगानिस्तान, बङ्गलादेश, भुटान, भारत, इरान, माल्दिभ्स र श्रीलङ्का रहेका छन्।

६. **भारतको सिम्लामा आयोजित १२ औँ अन्तर्राष्ट्रिय फिल्म्स फेस्टिभल, २०२६ मा स्पेसल जुरी सर्ट डकुमेन्ट्री अवार्ड जित्न सफल नेपाली वृत्तचित्र कुन हो ?**

✍ दी एभरेस्ट ड्रिम

- सञ्चारकर्मी गणेश पाण्डेद्वारा निर्देशित यस फिल्म्सले ३३ देशका अन्तर्राष्ट्रिय वृत्तचित्रसँग प्रतिस्पर्धा गर्दै यो सफलता हासिल गरेको हो।
- मस्तिष्कमा गम्भीर चोट लागेका (ब्रेन इन्जुरी सर्वाइवर्स) व्यक्तिहरूको एभरेस्ट बेसक्याम्पसम्मको साहसिक यात्रा र उनीहरूको सङ्घर्षको कथा यसमा समेटिएको छ।
- यसअघि यो डकुमेन्ट्रीले अमेरिकास्थित 'कब अन्तर्राष्ट्रिय फिल्म महोत्सव' मा उत्कृष्ट डकुमेन्ट्री फिल्म अवार्ड प्राप्त गरेको थियो।

७. **बेबी बुम केसँग सम्बन्धित छ ?**

✍ अत्यधिक बालबालिकाको जन्म

- दोस्रो विश्वयुद्ध रोकिएको केही समयपश्चात् सन् १९४८ देखि संसारभर अत्यधिक बालबालिका जन्मिए, जुन त्यसअघि सो दरमा कहिल्यै जन्मेका थिएनन्। जनसङ्ख्याशास्त्रीहरूले अधिक बच्चा जन्मिन थालेको सो घटनालाई 'बेबी बुम' को उपमा दिए। यो क्रम करिब १२ वर्ष अर्थात् सन् १९६० सम्म रहेको थियो।
- बेबी बुम विशेष गरी पूर्वयुद्धग्रस्त क्षेत्र युरोप, अमेरिका, जापान, कोरियामा सबैभन्दा धेरै थियो।

८. **पर्यावरणीय संरक्षणका लागि 'चिप्को आन्दोलन' सञ्चालन गर्ने अभियन्ता को हुन् ?**

✍ सुन्दरलाल बहुगुणा

- भारतको गडवाल क्षेत्रमा वनफँडानीविरुद्ध उनले सन् १९७३ तिर यो आन्दोलन सञ्चालन गरेका थिए।

९. **कोशी प्रदेशमा सम्पन्न 'वुमन लिडरसिप समिट २०२६' ले कति बुँदे घोषणापत्र सार्वजनिक गरेको छ ?**

✍ १६ बुँदे (विसं २०८३ वैशाख)

- कोशी प्रदेशको विराटनगरमा आयोजना गरिएको 'वुमन लिडरसिप समिट २०२६' महिला नेतृत्व, उद्यमशीलता र आर्थिक सहभागिताबारे गहन छलफल गर्दै १६ बुँदे घोषणापत्र जारी गरी सम्पन्न भएको हो।
- उद्योगी तथा सरोकारवालाले महिलालाई श्रमशक्तिमा मात्र सीमित नगरी नेतृत्व तहमा पुऱ्याउन सिप विकास, वित्तीय पहुँच र मार्गदर्शन (मेन्टरसिप) मा जोड दिँदै आफ्ना संस्थामा महिला रोजगारी वृद्धि गर्ने प्रतिबद्धता जनाएका छन्।

१०. **एसियाली खेलकुद प्रतियोगिताको इतिहासमै सबैभन्दा कम उमेरमा स्वर्ण पदक जिती कीर्तिमान कायम गर्न सफल खेलाडी को हुन् ?**

✍ युकी कुरिहारा (११ वर्ष, जापान), २० औँ एसियाली खेलकुद, २०२६

- जापानका ११ वर्षीय प्राथमिक तहका विद्यार्थी युकी कुरिहारा एसियन गेम्स (ई. स्पोर्ट्स अन्तर्गत 'पुयो पुयो') मा स्वर्ण जित्ने सबैभन्दा कम उमेरका खेलाडी बनेका हुन्।
- कुरिहाराले सेमिफाइनलमा थाइल्यान्डका २८ वर्षीय तानाराक वोङ्गकिटकुनलाई र फाइनलमा दक्षिण कोरियाका २४ वर्षीय काङ डोङसिनलाई पराजित गरेका थिए।
- उनले १० वर्षकै उमेरमा एसियन गेम्समा जापानको प्रतिनिधित्व गर्ने स्थान पक्का गरेका थिए भने विद्यालय, अतिरिक्त कक्षा र प्रशिक्षणलाई सन्तुलनमा राखेर यो सफलता हासिल गरेका हुन्।
- ओलम्पिक काउन्सिल अफ एसियाका अनुसार कुरिहाराको यो जित एसियाली खेलको इतिहासकै स्वर्ण पदक विजेता बन्ने सबैभन्दा कम उमेरको कीर्तिमान रहेको छ।

११. **नगरपालिकामा गठन हुने स्थानीय राजस्व परामर्श समितिको संयोजक को हुने व्यवस्था छ ?**

✍ उपप्रमुख (नगरपालिका)

१२. **सबैभन्दा कम उमेरमा विश्वका आठ हजार मिटरभन्दा अग्ला १४ हिमाल आरोहण गरी गिनिज बुक अफ वर्ल्ड रेकर्डस्मा नाम लेखाउन सफल पर्वतारोही को हुन् ?**

✍ मिङ्मा ग्याल्जेन शेर्पा (बेदिङ, दोलखा)

- सन् २०२२ मा पहिलो पटक मनासलु हिमाल आरोहण गरेका मिङ्माले सन् २०२४ सम्ममा सो सफलता हासिल गरेका थिए।

१३. **नेपालमा नागरिक सुरक्षा दिवस कहिले मनाउने गरिन्छ ?**

✍ असोज १२ (विसं २०६८ देखि मनाउन थालिएको हो।)

१४. **राष्ट्रिय यातायात नीति, २०८३ कहिले स्वीकृत भएको हो ?**

✍ विसं २०८३ असार २४

- नयाँ यातायात नीति, २०८३ स्वीकृत भएसँगै लामो समयदेखि लागु रहेको राष्ट्रिय यातायात नीति, २०५८ स्वतः खारेज भएको छ।
- सार्वजनिक यातायात र सडक पूर्वाधारको विकासमा निजी क्षेत्रको सहभागिता प्रवर्धन गर्न पिपिपी तथा अन्य उपयुक्त मोडेलहरू अवलम्बन गरिने नयाँ नीतिमा उल्लेख छ।
- जलवायु वित्त (क्लाइमेट फाइनान्स), हरित लगानी र कार्बन क्रेडिटिङबाट प्राप्त रकमलाई विद्युतीय सवारीसाधनको पूर्वाधार विकास र प्रणाली विस्तारमा प्राथमिकताका साथ परिचालन गरिने छ।
- यातायात व्यवस्थापनलाई प्रभावकारी बनाउन इन्टेलिजेन्ट ट्रान्सपोर्ट सिस्टम
- (आइटिएस), स्मार्ट भुक्तानी प्रणालीका साथै महिला, बालबालिका, ज्येष्ठ नागरिक र अपाङ्गतामैत्री डिजाइन सिद्धान्तलाई प्राथमिकता दिइएको छ।

१५. **आयातनिर्यात कार्यलाई सहज बनाउन सञ्चालनमा ल्याइएको पोर्टल कुन हो ?**

✍ नेपाल ट्रेड (नेपाल सरकारद्वारा सञ्चालनमा ल्याइएको हो।)

१६. **अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवस कहिले मनाउने गरिन्छ ?**

✍ अक्टोबर १

- संयुक्त राष्ट्रसङ्घले सन् १९९० को डिसेम्बर १४ मा अक्टोबर १ तारिखलाई अन्तर्राष्ट्रिय ज्येष्ठ नागरिक दिवसका रूपमा मनाउने प्रस्ताव पारित गरेको थियो।
- सन् २०२६ अक्टोबर १ का दिन ३६ औँ अन्तर्राष्ट्रिय दिवस मनाइएको हो।

१७. **अमेरिकी नेतृत्वको गठबन्धनले आफ्नो सैन्य अभियान औपचारिक रूपमा अन्त्य गर्दै इराकबाट कहिले फिर्ता भएको हो ?**

✍ सन् २०२६ सेप्टेम्बर ३०

- गठबन्धन सेनाको बहिर्गमनले इराकमा बर्सौंदेखि तेहरानको प्रभावलाई सन्तुलनमा राख्ने शक्ति समाप्त भएको र यसले इरानलाई रणनीतिक फाइदा पुग्ने विश्लेषकको ठहर रहेको छ।
- इराक पूर्ण रूपमा सुरक्षाको जिम्मा लिन तयार भइनसकेको अवस्थामा अमेरिकी फिर्तीले खाली ठाउँ सिर्जना हुने र यसले इस्लामिक स्टेट जस्ता चरमपन्थी समूहलाई फेरि सलबलाउन सक्ने जोखिम रहेको जनाइएको छ।

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# विपत्मा स्थानीय तहको जिम्मेवारी



१. **स्थानीय सरकार सञ्चालन ऐनमा उल्लेख भएबमोजिम विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय तहका जिम्मेवारी स्पष्ट पार्नुहोस्।**

✍ स्थानीय तह नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले विपत्को जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय तहलाई जिम्मेवार बनाउने गरी स्थानीय सरकार सञ्चालन ऐनले विभिन्न भूमिका प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ को उपदफा २ (न) मा भएको व्यवस्था अनुसार विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा स्थानीय तहका जिम्मेवारीलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

**क) नीति तथा योजनासम्बन्धी जिम्मेवारी**

- विपत् व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,

**ख) जोखिम न्यूनीकरण तथा पूर्वतयारीसम्बन्धी जिम्मेवारी,**

- तटबन्ध, नदी तथा पहिरो नियन्त्रण,
- जोखिमयुक्त क्षेत्रको पहिचान तथा नक्साङ्कन,
- जोखिमयुक्त बस्तीको पहिचान र स्थानान्तरण,
- विपत् पूर्वतयारी तथा प्रतिकार्य योजना निर्माण,
- पूर्वसूचना प्रणाली विकास,
- राहत सामग्रीको भण्डारण,

**ग) प्रतिकार्य तथा पुनर्लाभसम्बन्धी जिम्मेवारी**

- खोज तथा उद्धार,
- राहत व्यवस्थापन,
- विपत्पश्चात् स्थानीयस्तरको पुनर्निर्माण र पुनर्स्थापना,

**घ) समन्वय र सहकार्यको जिम्मेवारी**

- विपत् व्यवस्थापनमा सङ्घ र प्रदेश सरकारसँग समन्वय र सहकार्य,
- स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय र सहकार्य,

**ङ) स्रोतसाधन व्यवस्थापनसम्बन्धी जिम्मेवारी**

- विपत् व्यवस्थापन कोषको स्थापना र सञ्चालन,
- स्रोतसाधनको परिचालन,
- एम्बुलेन्स र वारुणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,

**च) तथ्याङ्क व्यवस्थापन तथा अध्ययन अनुसन्धानसम्बन्धी जिम्मेवारी**

- विपत्सम्बन्धी तथ्याङ्क व्यवस्थापन,
- विपत्सम्बन्धी अध्ययन तथा अनुसन्धान,

**छ) आपत्कालीन व्यवस्थापनको जिम्मेवारी**

- स्थानीय आपत्कालीन कार्यसञ्चालन प्रणालीको विकास र सञ्चालन,

**ज) समुदायमा आधारित व्यवस्थापन गर्ने जिम्मेवारी,**

- समुदायमा आधारित विपत् व्यवस्थापन कार्यक्रम सञ्चालन।
- अन्त्यमा नागरिकको जीवन र सम्पत्तिको सुरक्षा गर्नु राज्यको प्रमुख दायित्व हो। नेपाल जस्तो बहुप्रकोपको जोखिम रहेको मुलुकमा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि तिनै तहका सरकारबिच समन्वय र सहकार्य आवश्यक छ। स्थानीय तहलाई प्राप्त संवैधानिक तथा कानुनी अधिकार, स्रोत र जिम्मेवारीको प्रभावकारी कार्यान्वयनबाट विपत्जन्य जोखिम न्यूनीकरण गर्दै नागरिकको जीवन र सम्पत्तिको सुरक्षा सुनिश्चित गर्न सहयोग पुग्दछ।

२. **नेपालमा राज्यशक्तिको तहगत बाँडफाँट र तहगत सम्बन्धसम्बन्धी संवैधानिक व्यवस्था स्पष्ट पार्नुहोस्।**

✍ राज्यको कार्यकारिणी, व्यवस्थापकीय र न्यायिक शक्तिलाई राज्यशक्ति भनिन्छ। राज्य सञ्चालनको क्रममा कार्यकारिणी शक्तिको प्रयोग कार्यपालिकाबाट, व्यवस्थापकीय शक्तिको प्रयोग व्यवस्थापिकाबाट र न्यायिक शक्तिको प्रयोग न्यायपालिकाबाट हुने व्यवस्था गरी शक्ति पृथकीकरणको सिद्धान्तबमोजिम राज्यशक्तिको अभ्यास पृथक् पृथक् संस्थाबाट गर्ने प्रबन्ध गरिएको हुन्छ। सङ्घीय शासनव्यवस्थामा राज्यशक्तिलाई तहगत सरकारबिच बाँडफाँट गरी भिन्न भिन्न तहका सरकारबाट संविधानले निर्दिष्ट गरेबमोजिम अभ्यास गरिन्छ। नेपालले अवलम्बन गरेको तीन तहको सङ्घीय संरचनामा राज्यशक्तिको प्रयोग संविधान तथा कानुनबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबाट हुने व्यवस्था गरिएको छ। नेपालको संविधानको धारा ५७ मा व्यवस्था भएको राज्यशक्तिको बाँडफाँटसम्बन्धी विषयलाई देहायबमोजिम उल्लेख गर्न सकिन्छ :

- कार्यकारिणी र व्यस्थापकीय शक्तिलाई तीन तहमा बाँडफाँट गरिएको छ, जसको प्रयोग संविधानको अनुसूची-५ देखि अनुसूची-९ सम्म उल्लेख गरे अनुसार हुने व्यवस्था रहेको छ,
- संविधानको अनुसूची- ५ मा सङ्घ, अनुसूची- ६ मा प्रदेश र अनुसूची- ८ मा स्थानीय तहको एकल अधिकारको सूची निर्दिष्ट गरिएको छ। अनुसूची-७ मा सङ्घ र प्रदेशको साझा अधिकारको सूची र अनुसुची-९ मा तिनै तहको साझा अधिकारको सूची रहेको छ,
- तिनै तहमा कार्यकारिणी र व्यवस्थापकीय संस्थाहरू रहे पनि न्यायपालिकालाई एकीकृत स्वरूपमा राखिएको छ,
- एकल अधिकारको प्रयोग संविधान र आआफ्नो सभाले बनाएको कानुनबमोजिम गर्नुपर्ने व्यवस्था गरिएको छ,
- सङ्घ र प्रदेशको साझा अधिकारको प्रयोग संविधान, सङ्घीय कानुन र प्रदेश कानुनबमोजिम गर्नुपर्ने व्यवस्था रहेको छ,
- तिनै तहको साझा अधिकारको प्रयोग संविधान, सङ्घीय कानुन, प्रदेश कानुन र गाउँ सभा वा नगर सभाले बनाएको कानुन अनुसार गर्नुपर्ने व्यवस्था गरिएको छ,
- साझा अधिकारको विषयमा प्रदेश तथा स्थानीय तहले कानुन बनाउँदा क्रमशः सङ्घीय कानुन तथा र प्रदेश कानुनसँग नबाँझिने गरी बनाउनुपर्ने व्यवस्था गरिएको छ,
- संविधानमा कुनै तहले प्रयोग गर्ने गरी नतोकिएको विषय तथा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको सूची वा साझा सूचीमा उल्लेख नभएको विषयमा सङ्घको अधिकार रहन्छ। यस्तो अधिकारको प्रयोग सङ्घीय कानुनबमोजिम हुने व्यवस्था गरिएको छ,
- अवशिष्ट अधिकारको विषयमा कानुन तर्जुमा गर्दा नेपाल सरकारले आवश्यकता अनुसार प्रदेश सरकारसँग समन्वय र परामर्श गर्न सक्छ।

तहगत सम्बन्धसम्बन्धी व्यवस्था :

- संविधानको धारा २३२ का आधारमा सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्धसम्बन्धी व्यवस्था देहायबमोजिम उल्लेख गर्न सकिन्छ :
- सङ्घ, प्रदेश र स्थानीय तहबिचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने,
- राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशबिच समन्वय गर्नुपर्ने विषयमा नेपाल सरकारले संविधान र सङ्घीय कानुनबमोजिम प्रदेश मन्त्रीपरिषद्लाई निर्देशन दिन सक्ने,
- सङ्घले दिएको निर्देशन पालना गर्नु प्रदेश मन्त्रीपरिषद्को कर्तव्य हुने,
- नेपाल सरकारले आफैँ वा प्रदेश सरकारमार्फत स्थानीय कार्यपालिकालाई संविधान र सङ्घीय कानुनबमोजिम सहयोग गर्न र निर्देशन दिन सक्ने,
- सङ्घ वा प्रदेश सरकारमार्फत प्राप्त निर्देशनको पालना गर्नु स्थानीय कार्यपालिकाको कर्तव्य हुने,
- कुनै प्रदेशबाट राज्यव्यवस्थामा गम्भीर असर पार्ने कार्य भएमा राष्ट्रपतिले आवश्यकता अनुसार प्रदेश मन्त्रीपरिषद्लाई सचेत गराउन, प्रदेश मन्त्रीपरिषद् र प्रदेश सभालाई बढीमा छ महिनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्ने र सङ्घीय शासन लागु गर्न सक्नेसम्मका कठोर प्रावधानसमेत उल्लेख भएको छ।
- अन्त्यमा नेपालको सङ्घीय संरचना सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहको रहेको छ। संविधानले तहगत सरकारबिच राज्यशक्तिको बाँडफाँट गर्दै सोको अभ्यासमा तहगत समन्वय र सहकार्यलाई महत्त्व दिएको छ। समन्वय, सहकारिता र सहअस्तित्वको मान्यतामा आधारित सम्बन्धले मात्र सङ्घीय प्रणाली सुदृढ हुने भएकोले एक तहले अर्को तहको अधिकार क्षेत्रको सम्मान गरी सहअस्तित्व कायम गर्नसमेत संविधानले जोड दिएको छ। तिनै तहका सरकारले संवैधानिक सीमाभित्र रही कानुन निर्माण गर्ने र कानुनबमोजिम कार्यसम्पादन गरी संवैधानिक मूल्यको संरक्षण र संवर्धन गर्नु आजको आवश्यकता हो।

३. **सरकारी कारोबारमा प्रयोग हुने खाताका बारेमा सङ्क्षिप्त जानकारीसहित सूची प्रस्तुत गर्नुहोस्।**

✍ तोकिएका बैङ्कमार्फत सरकारी निकायले गर्ने आर्थिक कारोबार तथा सोको लेखाङ्कन, प्रतिवेदन तथा हिसाब मिलान गर्ने कार्यलाई सरकारी कारोबार भनिन्छ। नेपाल राष्ट्र बैङ्क नेपाल सरकारको बैङ्करका रूपमा रहेकोले सरकारी निकायको बैङ्क खाता सञ्चालन कार्यमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा नियमावली अन्तर्गतको व्यवस्थाले सरकारी कारोबारका लागि महालेखा नियन्त्रक कार्यालय तथा मातहतका कोष तथा लेखा नियन्त्रक कार्यालय र नेपाल राष्ट्र बैङ्कलाई महत्त्वपूर्ण भूमिका प्रदान गरेको छ। सरकारी कारोबार सञ्चालन गर्नका लागि नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत विभिन्न खाताको रहने व्यवस्था गरिएको छ।

**क) नेपाल सरकार अन्तर्गतका खाता :**

- नेपाल सरकार अन्तर्गतका खातालाई 'क' समूहका खाता भनिन्छ। साङ्केतिक अक्षरका आधारमा खाता छुट्टिने भएकोले यी खाताको अगाडि अनिवार्य रूपमा 'क' सङ्केत गर्नु पर्छ। नेपाल सरकार अन्तर्गत निम्नानुसारका समूहमा यी खाता रहन्छन् :
- क–१ सङ्घीय सञ्चित कोष खाता,
- क–२ नेपाल सरकार खर्च तथा कोष खाता,
- क–३ आकस्मिक कोष खाता,
- क–४ विभाज्य कोष खाता,
- क–५ उद्धार तथा राहत कोष खाता,
- क–६ सार्वजनिक ऋण सञ्चालन खाता,
- क–७ वैदेशिक सहायता आम्दानी खाता,
- क–८ हिसाब मिलान खाता।

**ख) प्रदेश सरकार अन्तर्गतका खाता :**

- प्रदेश सरकार अन्तर्गतका खातालाई 'ख' समूहका खाता भनिन्छ। साङ्केतिक अक्षरका आधारमा खाता छुट्टिने भएकोले यी खाताको अगाडि अनिवार्य रूपमा 'ख' सङ्केत गर्नु पर्छ। यी खाता समूह निम्नानुसार रहेका छन् :
- ख–१ प्रदेश सञ्चित कोष खाता,
- ख–२ प्रदेश खर्च तथा कोष खाता,
- ख–३ आकस्मिक कोष खाता,
- ख–४ विभाज्य कोष खाता,
- ख–५ हिसाब मिलान खाता,

**ग) स्थानीय तह अन्तर्गतका खाता :**

- स्थानीय तह अन्तर्गतका खातालाई 'ग' समूहका खाता भनिन्छ। साङ्केतिक अक्षरका आधारमा खाता छुट्टिने भएकोले यी खाताको अगाडि अनिवार्य रूपमा 'ग' सङ्केत गर्नु पर्छ। यी खाता समूह निम्नानुसार रहेका छन् :
- ग–१ स्थानीय तह राजस्व खाता,
- ग–२ स्थानीय तह खर्च खाता,
- ग–३ स्थानीय तह धरौटी खाता,
- ग–४ स्थानीय तह कोष खाता (सञ्चित कोष)
- ग–५ स्थानीय तह विविध कोष खाता,
- ग–६ स्थानीय तह विभाज्य कोष खाता,
- ग–७ स्थानीय तह आकस्मिक कोष खाता,
- ग–८ बैङ्कगत स्थानीय तह हिसाब मिलान खाता।
- अन्त्यमा नेपालमा सरकारी कारोबारलाई व्यवस्थित र पारदर्शी बनाउन सङ्घ, प्रदेश र स्थानीय तहका कारोबारलाई छुट्टाछुट्टै खाता समूहमा वर्गीकरण गरिएको छ। यस पद्धतिले सरकारी आयव्ययको लेखाङ्कन, प्रतिवेदन तथा हिसाब मिलान कार्यलाई व्यवस्थित बनाउन सहयोग गर्छ।

४. **महालेखा नियन्त्रक कार्यालयका प्रमुख कार्य उल्लेख गर्नुहोस्।**

✍ महालेखा नियन्त्रक कार्यालय नेपाल सरकार, अर्थ मन्त्रालयमातहतको केन्द्रीय निकाय हो। यसको मुख्य जिम्मेवारी सङ्घीय सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापनसँगै नेपालको समग्र आर्थिक प्रशासनलाई अनुशासित र व्यवस्थित बनाउन आवश्यक नीति, कानुन, मापदण्ड, ढाँचा एवं विद्युतीय प्रणाली विकास गरी लागु गर्ने र गराउने रहेको छ। महालेखा नियन्त्रक कार्यालयबाट सम्पादन हुने प्रमुख कार्य निम्न छन् :

- सङ्घीय सञ्चित कोष सञ्चालन तथा व्यवस्थापन गर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहसमेतको हिसाब समायोजन गरी नेपाल सरकारको एकीकृत केन्द्रीय विवरण तयार गर्ने,
- आर्थिक विषयमा आवश्यक नीति, कानुन, तथा लेखा ढाँचाको विकास र प्रयोग गर्ने,
- वैदेशिक स्रोतबाट सोधभर्ना हुने गरी भएको कारोबारको अभिलेख, हिसाब मिलान र प्रतिवेदन गर्ने,
- सङ्घीय सरकार अन्तर्गतका सरकारी कार्यालयको आर्थिक कारोबारको आन्तरिक लेखा परीक्षण गर्ने,
- प्रदेश तथा स्थानीय तहमा सङ्घीय सरकारबाट हुने वित्तीय हस्तान्तरणको हिसाब राख्ने,
- सरकारको निवृत्तिभरण दायित्वको व्यवस्थापन गर्ने,
- सार्वजनिक दायित्व तथा सरकारी बाँकीको अभिलेख र व्यवस्थापन गर्ने,
- सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार गर्ने,
- आर्थिक प्रशासन सञ्चालनसम्बन्धी विद्युतीय प्रणाली विकास तथा सञ्चालन गर्ने,
- आर्थिक प्रशासन सञ्चालनमा संलग्न कर्मचारी प्रशासनसम्बन्धी कार्य गर्ने।
- अन्त्यमा महालेखा नियन्त्रक कार्यालयले नेपालको सार्वजनिक कोष सञ्चालन तथा सार्वजनिक वित्त व्यवस्थापनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।
- कोष सञ्चालन तथा व्यवस्थापनमा पारदर्शिता तथा जवाफदेहिताका लागि विद्युतीय प्रणालीको विकास र प्रयोग, सरकारी सम्पत्ति र दायित्वको अभिलेख र व्यवस्थापन, नेपाल सरकारको एकीकृत प्रतिवेदन तयारीलगायत आर्थिक विषयमा नीति, कानुन, मापदण्ड र लेखा ढाँचाको विकास र प्रयोगमा यस कार्यालय र मातहतका निकायको भूमिका महत्त्वपूर्ण रहेको छ।

५. **वैदेशिक सहायता परिचालन नीतिले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा वैदेशिक सहायता परिचालन गर्ने सम्बन्धमा तय गरेको कार्यनीतिगत ढाँचा प्रस्तुत गर्नुहोस्।**

✍ वैदेशिक सहायता परिचालन नीतिले राष्ट्रिय आवश्यकता र प्राथमिकताका क्षेत्रमा वैदेशिक सहायता परिचालन गर्न जोड दिएको छ। साथै यस नीतिले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा वैदेशिक सहायता परिचालन गर्ने स्पष्ट रणनीति तय गरेको छ। यस रणनीति अन्तर्गत देहायबमोजिमका कार्यनीति तय गरी विपत्मा वैदेशिक सहायता परिचालनलाई प्रस्ट पारिएको छ :

- विपत् व्यवस्थापन र सो प्रयोजनका लागि मानवीय सहायता वा राहत तथा उद्धार, खाद्यान्न, औषधीजन्यलगायतका सामग्री वैदेशिक सहायता स्वरूप प्राप्त गर्न सक्ने,
- विपत्का समयमा प्राप्त हुने मानवीय सहायतालाई लक्षित क्षेत्रमा शीघ्र परिचालन गर्ने,
- विपत् तथा मानवीय सहायता तत्कालीन आवश्यकता र क्षमता हेरी सङ्घ, प्रदेश र स्थानीय तहमा रहने संयन्त्रमार्फत परिचालन गर्ने व्यवस्था मिलाउने,
- विपत्का समयमा मानवीय सहायता परिचालन गर्दा अन्तर्राष्ट्रिय असल अभ्यासप्रति प्रतिबद्ध रहने,
- विपत्को समयमा मानवीय सहायता प्रदान गर्ने विकास साझेदारले राष्ट्रिय क्षमता अभिवृद्धि हुने गरी सङ्कटको रोकथाम, न्यूनीकरण र सम्बोधन गर्नका लागि तयारी, सम्बोधन, राहत, पुनर्निर्माण र पुनर्स्थापना जस्ता चरणमा अर्थ मन्त्रालयसँग समन्वय गर्नुपर्ने,
- विपत्मा मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाका आधारमा नेपालको सभ्यता, संस्कृति, सामाजिक सद्भाव, व्यक्तिको धार्मिक आस्था र विश्वासको उचित सम्मान गर्नुपर्ने।
- अन्त्यमा वैदेशिक सहायता परिचालन नीतिले विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा प्राप्त हुने सहायतालाई मानवीय सहायताका रूपमा परिचालन गर्ने गरी कार्यनीति निर्धारण गरेको छ। यस्तो सहायतालाई राष्ट्रिय प्राथमिकता, तत्कालीन आवश्यकता र तहगत सरकारको क्षमता अनुसार प्रभावकारी रूपमा परिचालन गर्न सके विपत्पीडितलाई तत्कालीन राहत र दीर्घकालीन सुरक्षा सुनिश्चित गर्न सकिन्छ। साथै विपत्मा मानवीय सहायता वितरण गर्दा मानवीय संवेदनाको सम्मान र अन्तर्राष्ट्रिय असल अभ्यासको पालनालाई पनि उत्तिकै महत्त्व दिनु पर्छ।

**प्रस्तुतकर्ता : अर्जुन शर्मा**